प्रस्ताव एबं निर्णयहरु

१.नगर प्रहरी भर्ना गर्ने सम्बन्धमा

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरावल गा.पा को विभिन्न सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने तथा अन्य सुरक्षा प्रवन्ध मिलाउनको लागी यस गाउपालिकाको कार्यविधिमा आधारित रही हाललाई ५ जना नगर प्रहरी नियुक्त गर्ने तथा जसमा ३ पुरुष र २ महिला राख्ने जसमा १ जना ईन्चार्ज जसको हालको पारिश्रमिक मासिक रु.१४०००/- र अन्य ४ जना जवानको रुपमा रहने छन जसको मासिक तलव रु १२०००/- हुने भन्ने सर्वसम्मत निर्णय गरियो।

२. विद्यालय मर्ज तथा खारेजी सम्बन्धमा

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गा.पा भित्रका विद्यालयहरु शिक्षक र विद्यार्थीको अनुपात नमिल्दा शिक्षाको गुणस्तर राम्रो हुन नसकेको यथार्थतालाई स्विकार गर्दै विद्यालयको मर्ज तथा खारेजी प्रक्रियाको लागी शिक्षा शाखा प्रमुख को संयोजकत्वमा सम्बन्धित वडाका वडाध्यक्ष र प्र.अ मध्ये १ जना सदस्य रहने गरी एक कार्यदल गठन गर्ने जसले देहायवमोजिमको कार्य गरी काम सुरु भएको १ महिनाभित्र एक प्रतिवेदन तयार गर्ने तथा गा.पाको कार्यालयमा पेश गर्नेछ।सोको लागी आवश्यक खर्च बैठक भत्ता,यातायात खर्च, सटेशनरी र विविध गरी एकमुष्ठ रु ५०,०००/-(अक्षरुपी रु पचास हजार मात्र) गाउँकार्यपालिकाको कार्यालयवाट विनियोजित बजेटमध्ये शिक्षाको उपयुक्त शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो।

१. कार्यदल बैठक बस्ने
२. शिक्षा क्षेत्रका विशेषज्ञहरुलाई बैठकमा वोलाई तिनिहरुको विशेषज्ञता तथा सुझाव लिने।
३. विद्यालय व्यवस्थापन समिति प्र.अ शिक्षक एवं अभिभावक र स्थानियहरुको सुझाव संकलन गर्ने।
४. विद्यार्थी शिक्षकको वर्तमान अवस्था के छ त्यसको लेखा जोखा गर्ने

५. विगतमा विद्यालय स्थापना र विद्यार्थी संख्या शिक्षक संख्या निर्धारणको अवस्था एकिन गर्ने ।

६. विद्यालयहरु विचको न्युनतम दुरी एकिन गर्ने ।

७. भौतिक अवस्थाको लेखाजोखा गर्ने ।

८. विद्यार्थी संख्या र शिक्षक अनुपात एकिन गर्ने

९. गाभिने विद्यालयको नजिकको विद्यालय एकिन गर्ने ।

१० गाभिएका विद्यालयका शिक्षकलाई समायोजन गर्ने विद्यालय एकिन गर्ने

११ विद्यालयमा राख्नुपर्ने शिक्षकको दरवन्दी संख्या निर्धारण गर्ने ।

स्ताव नं. ३.ईट्टाभट्टा नविकरण एवं सिफारिस

स्ताव नं. ३ माथी छलफल गर्दा पहिले दर्ता भईसकेका ईट्टा भट्टाले आर्थिक बर्ष ०७४/७५ को कर दाखिला गरि नियमअनुसार गाउपालिकामा दर्ता भएका ईट्टा ाट्टाको नविकरणको लागी घरेलु तथा साना उद्योग कार्यालयमा सिफारिस गर्ने ाधिकार कार्यालयलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

. प्रतिक्षालय निर्माण गर्ने सम्वन्धमा

ास्ताव नं. ४ माथि छलफल गर्दा यस गा.पा मा आएका सेवाग्राहीहरुको लागी ाराम गर्न,सेवा प्रतिक्षा गर्न एवं छलफल गर्नको लागी गाउँकार्यपालिका कार्यालय ागाडी सेफ्टि टंकीको माथि एक ट्रस्ट स्वरुपको प्रतिक्षालय बनाउने र सोको लागी ावश्यक रकम भवन निर्माण बाट बचेको रकमवाट गर्ने निर्णय गरियो ।

ास्ताव नं. ५ कक्षा थप अनुमती सम्वन्धमा

ास्ताव नं ५ उपर छलफल गर्दा यस सरावल गा.पा भित्र रहेको Roshanjyoti :nglish boarding school लाई यसै शैक्षिक सत्र (२०७५) देखि लागु हुने गरी कक्षा ५ ान्चालन गर्नको लागी अनुमती दिने निर्णय गरियो ।

ास्ताव नं. ६ - पकेट क्षेत्र सम्वन्धमा

स्ताव नं. ६ उपर छलफल गर्दा यस सरावल गा.पा मा सञ्चालित पकेट कार्यक्रम न्तर्गत हाल विद्यमान पकेट कार्यक्रमलाई निरन्तरता दिदै नया पकेट क्षेत्रको ागि प्रकृया पुरा गरि निवेदन परेमा नियमअनुसार सुचिकृत गर्ने तथा पुराना पकेट ार्यक्रमको समितिलाई ६ लाख सम्मको कार्यक्रम पेश गर्न लगाई सोमध्ये ५०% नुदानको लागी सम्झौता गर्ने,सोको लागी आवश्यक रकम पकेट कार्यक्रम शेर्षकवाट विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ - वासा-मनरी ,सरावल - गोब्रहिया -भुजहवा सडक ५० फिट चौडा गर्ने सम्बन्धमा

प्रस्ताव नं. ७ उपर छलफल गर्दा वासा मनरी, सरावल-गोब्रहिया-भुजहवा सडक ५० फेट चौडा कायम गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ८ खरिद प्रकृया सम्बन्धमा

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस सरावल गा.पा मा आवश्यक सम्पुर्ण सामान तथा सेवाहरु खरिद गर्ने तथा यस सरावल गा.पा संग कारोवार गर्न ईच्छुक सम्पुर्ण व्यवसाय तथा फर्महरु यस सरावल गा.पा मा सुचिकृत गर्ने र सुचिकृत भएका व्यवसायी तथा फर्महरुवाट मात्र गा.पाको लागी आवश्यक सेवा तथा सामानहरु खरिद गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ भुजहवामा हुने क्रिकेट प्रतियोगितालाई आर्थिक सहयोग सम्बन्धमा

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस सरावल गा.पा मा खेलकुद क्षेत्रको विकाश गर्नको लागी गाउँ कार्यपालिकाको तर्फवाट आर्थिक सहयोग गरिरहेको परिप्रेक्षमा यसै गाउपालिकाको वार्ड नं. ७ भुजहवामा सञ्चालन हुन गईरहेको क्रिकेट प्रतियोगिताको लागि रु.१,००,०००/- खेलकुद शिर्षकवाट भुक्तानी हुने गरी आर्थिक सहयोग गर्ने निर्णय गरियो।